## जिल्ला विकास समितिको कार्यालय, सल्यान

१०८. **भ्रमण भत्ता** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९१ को उप–दफा (३) अनुसार सभापति जिल्ला बाहिर काजमा जाँदा जिल्ला विकास समितिबाट भ्रमण काज स्वीकृत गराउनुपर्नेमा सभापतिले समितिको स्वीकृति बेगर नेपालगंज, सुर्खेत, दाङ र काठमाडौं भ्रमण गरेको व्यहोरा उल्लेख गरी पटक पटक काज जनाई रु.९१ हजार पेस्की फछ्र्यौट गरेको देखिएको छ ।

१०९. **अनुदान** – गाउं विकास समिति अनुदान सञ्चालन निर्देशिका अनुसार अनुदान निकासा रकमको २.५ प्रतिशतसम्म कन्टिन्जेन्सी बापत खर्च गर्नपाउनेमा नियमानुसार पाउने रकम कन्टिन्जेन्सी खातामा ट्रान्सफर गरिसकेपछि पुन: गाउं विकास समितिको लेखापरीक्षण शुल्कमा रु.१ लाख १ हजार र पञ्जिकरणको लागि छपाई भनी रु.३ लाख ४१ हजार समेत रु.४ लाख ४१ हजार बढी खर्च गरेको छ ।

११०. **सर्वेक्षण खर्च** – आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ८१(१) अनुसार वौद्धिक तथा पेशागत परामर्श लिँदा विभागीयस्तरबाट हुन नसक्ने भएमा मात्र प्राविधिकको समूहसँग परामर्श लिन सकिने प्रावधान रहेकोमा कार्यालयमा मौजुदा जनशक्ति हुँदाहुँदै र चालु आर्थिक वर्षमै रु.२ लाख ८१ हजारमा सर्वेक्षण गर्ने थेडोलाइट मेशिन खरिद गरिसकेको अवस्थामा खलङ्गा अस्पतालदेखि सिमखर्क सडक सर्वेक्षण बापत एक परामर्शदातालाई रु.२ लाख ९८ हजार भुक्तानी दिएको छ ।

१११. **दोहोरो भुक्तानी** – लेजर प्रिन्टर खरिद गर्न एक आपूर्तकलाई २०६३।३।२३ मा विकास अनुदानबाट रु.३५ हजार भुक्तानी दिएकोमा जिल्ला विकास समिति कोष पूँजीगतबाट सोही आपूर्तकलाई सोही सामानको लागि २०६३।३।२३ मै पुन: रु.३५ हजार भुक्तानी दिएकोले दोहोरो भुक्तानी रकम असुल गर्नुपर्दछ ।

११२. **सोलार** – विकेन्द्रित वित्त व्यवस्था तथा विकास कार्यक्रम अन्तर्गत सोलारपावर जडानको लागि एक उर्जा कम्पनीसँग रु.९ लाख ६४ हजारमा गरेको सम्झौताबमोजिम उपभोक्ता समितिलाई सौर्य उपकरण उपलव्ध गराएपछि कुल सम्झौता रकमको २० प्रतिशत, जडान गरेपछि ७० प्रतिशत र कम्पनीले एकजनालाई उर्जा सम्बन्धी तालिम गराईसकेपछि १० प्रतिशत रकम भुक्तानी दिनुपर्नेमा सम्झौताको शुरुमै कार्य सम्पन्न देखाई एकमुष्ट भुक्तानी दिएकोले सम्झौताबमोजिम कार्यान्वयन भएको पाईएन ।